आकाशवाणी

National News Bulletin                                                    Feb 10, 2025

**प्रमुख समाचार:**

- प्रधानमन्त्रीले **परीक्ष पे चर्चा**-मा विद्यार्थीहरूसँग गर्नुभयो अन्तरक्रिया
- प्रधानमन्त्री फ्रान्स र अमेरिकाका भ्रमणका लागि आज प्रस्थान
- कांग्रेस नेतृ सोनिया गान्धीले राज्यसभमा खाद्य सुरक्षा ऐनलाई प्रभावकारी ढङ्गमा कार्यान्यवन गर्नुपर्ने मुद्दा उठाउनुभयो
- स्वास्थ्य तथा परिवार कल्याण मन्त्रीले गर्नुभयो सुरुवात **लिम्फेटिक फाइलेरियसिस** उन्मूलनकको अभियान
- एक दिवसीय श्रृङ्खलामा इंग्ल्याण्ड भारतद्वारा ४ विकेटले पराजित

## Pariksha Pe Charcha

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा आयोजित चर्चित अन्तरक्रियात्मक कार्यक्रम '**परीक्षा पे चर्चा**' को आठौँ संस्करणमा विद्यार्थीहरूसँगको अन्तरक्रियाका क्रममा, शिक्षा समग्र विकासका लागि हो भन्दै यसको महत्त्वलाई जोड दिनुभयो। उहाँले परीक्षाको समयमा तनाव र चिन्तालाई कसरी हटाउने भन्ने विषयमा विद्यार्थीलाई सम्बोधन गर्नुभयो अनि पोषण र स्वास्थ्यको महत्त्वमा जोड दिँदै, रोग नदेखिनु स्वस्थ हुनु होइन भन्नुभयो। उहाँले चिकित्सा विज्ञानले निद्राको महत्त्वलाई बुझेको भन्दै, निद्रा पोषणमा निर्भर हुने कुरालाई औँल्याउनुभयो र विद्यार्थीहरूलाई बिहानको घाममा समय बिताउन आग्रह गर्नुभयो।

साथै, उहाँले विद्यार्थीलाई कम अङ्क प्राप्त हुँदा घरमा प्रायः तनावपूर्ण वातावरण सिर्जना हुने कुरा स्वीकार गर्दै, विद्यार्थीहरूलाई दबाबसँग लड्न माहिर हुनका लागि सुझावहरू दिनुभयो अनि विद्यार्थीहरूलाई यस्तो दबाबमा तनाव नलिई तयारी गर्न सुझाव दिनुभयो। यस कार्यक्रमको प्रत्यक्ष प्रसारण आकाशवाणी, दूरदर्शन, स्वयम् प्रभा, पीएमओ युट्युब च्यानल अनि शिक्षा तथा सूचना प्रसारण मन्त्रालयका सामाजिक सञ्जाल च्यानलहरूमा भयो। यस संस्करणमा, सबै राज्य र केन्द्र शासित प्रदेशका लगभग छत्तीस विद्यार्थीहरूलाई प्रधानमन्त्रीसँग प्रत्यक्ष अन्तरक्रिया गर्न चयन गरिएको थियो। पाँच करोडभन्दा बढीको सहभागिता रहेको यस वर्षको कार्यक्रमले जनआन्दोलनका रूपमा आफ्नो हैसियत उजागर गर्दै, सामूहिक सिकाइलाई प्रेरणा दियो। **परीक्षा पे चर्चा** २०२५ ले विद्यार्थीहरूलाई जीवन र सिकाइका आवश्यक पक्षहरूमा मार्गदर्शन गर्न विभिन्न क्षेत्रका प्रख्यात व्यक्तित्वहरूलाई एकसाथ ल्याएर सात अन्तरदृष्टिपूर्ण प्रकरणहरू प्रस्तुत गरेको छ। यस कर्यक्रमले वर्षौंदेखि परीक्षासँग सम्बन्धित तनावलाई सकारात्मक ऊर्जामा रूपान्तरण गर्ने अवसरका रूपमा विकास गर्दै आएको छ।

## Pariksha Pe Charcha-Sikkim

आज बिहान प्रसारित परीक्षा पे चर्चा कार्यक्रममा सिक्किमको पी एम श्री नाम्ची उच्चतर माध्यमिक विद्यालयका छात्राले पनि भाग लिए। यस कार्यक्रमबारे बोल्दै राज्यको शिक्षा विभागका सचिव, पाठशाला शिक्षा श्री टाशी छोपेल भन्नुहुन्छ।

## PM-France & America

प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्स र अमेरिकाको कूटनीतिक भ्रमणका लागि आज प्रस्थान गर्नुभयो। यस भ्रमणको उद्देश्य दुवै देशसँग रणनीतिक, आर्थिक र प्राविधिक साझेदारीलाई प्रवर्धन गर्नु हो। राष्ट्रपति म्याक्रोनको निमन्त्रणामा श्री मोदी १० फेब्रुअरीदेखि १२ फेब्रुअरीसम्म फ्रान्सको भ्रमणमा रहनुहुनेछ। नेतद्वयले ए.आई. कार्य शिखर सम्मेलनको सहअध्यक्षता गर्नुहुनेछ। यस भ्रमणका क्रममा श्री मोदीले महत्त्वपूर्ण द्विपक्षीय वार्तामा भाग लिनका साथै मार्सेलेमा भारतीय महावाणिज्य दूतावासको उद्घाटन गर्नुहुनेछ। फ्रान्स भ्रमणपछि श्री मोदी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा दुईदिने अमेरिका भ्रमणका लागि प्रस्थान गर्नुहुनेछ। जनवरीमा राष्ट्रपति ट्रम्पको ऐतिहासिक विजयपछि प्रधानमन्त्रीको यो पहिलो अमेरिकी भ्रमण हो।

## Rajyasabha-Sonia

वरिष्ठ कांग्रेस नेता सोनिया गान्धीले आज राज्यसभमा देशमा खाद्य सुरक्षा ऐनलाई अझ प्रभावकारी ढङ्गमा कार्यान्वयन गर्नुपर्ने मुद्दा उठाउनुभयो। राज्यसभाको शून्य समयमा, उहाँले राष्ट्रव्यापी जनगणनामा ढिलाइका कारण करिब 14 करोड योग्य मानिस खाद्य सुरक्षाको लाभबाट वञ्चित भइरहेको दाबी गर्दै, जतिसक्दो चाँडो जनगणना गर्न माग गर्नुभयो। श्रीमती गान्धीले खाद्य सुरक्षा ऐन २०१३ ले ग्रामीण जनसंख्याको ७५ प्रतिशत र सहरी जनसंख्याको ५० प्रतिशत लाभान्वित हुने लक्ष्य राखेको बताउनुभयो। उहाँले खाद्य सुरक्षा विशेषाधिकार नभएर मौलिक अधिकार भएको पनि बताउनुभयो।

## Laksabha Budget

केन्द्रीय बजेट २०२५-२६ मा आज लोकसभामा फेरि छलफल सुरु भयो। DMK पार्टीका दयानिधि मारनले एनडीए सरकारले यस बजेटमा कर्पोरेट हाउसहरूलाई पूर्णतया पक्षपात गरेको छ अनि बेरोजगारी र मुद्रास्फीतिसहित आम जनताको वास्तविक समस्याहरूमा ध्यान दिएको छैन भनी आरोप लगाउनुभयो। कांग्रेसका मनिष तिवारीले सरकारले नोटबन्दीका क्रममा जुन उद्देश्य हासिल गर्ने वाचा गरेको थियो, त्यो पूरा गर्न असफल भएको बताउनुभयो। अर्कोतर्फ, भारतीय जनता पार्टीका सांसद अनुराग सिंह ठाकुरले बजेट २०२५-२६ को प्रशंसा गर्दै राष्ट्रिय हितका लागि यस

बजेटमा प्रत्येक क्षेत्रकातर्फ पर्याप्त रकम विनियोजन गरिएको बताउनुभयो।

JP Nadda-MDA

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज भिडियो कन्फ्रेन्समार्फत **लिम्फेटिक फाइलेरियासिस** उन्मूलनका लागि वार्षिक राष्ट्रव्यापी मास ड्रग एडमिनिस्ट्रेशन, MDA अभियान सुरु गर्नुभयो। उहाँले राज्य र केन्द्र शासित प्रदेशहरूलाई राज्य स्तरमा अभियानको अनुगमन गर्न र पहिचान गरिएका जिल्लाहरूमा राजनीतिक र प्रशासनिक नेतृत्वले त्यसै गरेको सुनिश्चित गर्न आग्रह गर्नुभयो। श्री नड्डाले यस पहलले लाखौंलाई यो कमजोर पार्ने रोगबाट जोगाउने र **लिम्फ्याटिक फाइलेरियासिस**-विरुद्धको भारतको लडाइँलाई गति दिने लक्ष्य राखेको बताउनुभयो।

साथै, उहाँले राज्यका स्वास्थ्य मन्त्रीहरू, निर्वाचित प्रतिनिधिहरू, विशेष गरी विधानसभा सदस्य, पार्षद र पञ्चायती राज संस्थानहरूलाई MDA गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्रिय सहभागिता देखाउन प्रोत्साहित गर्नुभयो।

Rajyasabha Bill

आज राज्यसभामा नागरिक उड्डयन मन्त्री के. राममोहन नायडूले **विमान वस्तु हित संरक्षण बिल-**2025 पेश गर्नुभयो। यसको उद्देश्य केप टाउन कन्भेन्सन र यसको विमान प्रोटोकलसँग भारतको घरेलु कानुनलाई तयार पार्नु हो। यस विधेयकले थप सुरक्षित र लगानीकर्ता-मैत्री उड्डयन क्षेत्र सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

Sabitri Thakur-CSACD

महिला तथा बाल विकास मन्त्रालयकी राज्यमन्त्री सावित्री ठाकुरको नेतृत्वमा भारतीय प्रतिनिधिमण्डल १० देखि १४ फेब्रुअरीसम्म आयोजित हुने CSOCD को ६३ औँ सत्रमा सहभागी हुँदै छ। यसको उद्देश्य समावेशी सामाजिक विकासलाई प्रवर्धन गर्ने र सांस्कृतिक स्तरमा सामाजिक कल्याणको प्रस्तावमा केन्द्रित रहँदै सामाजिक विकासमा छलफल र साझेदारीलाई प्रोत्साहित गर्नु हो। भारतीय प्रतिनिधिमण्डलले सत्रका क्रममा प्रमुख छलफलमा सक्रिय सहभागिता जनाउनेछ। श्रीमती ठाकुरले मङ्गलबार, फेब्रुअरी 11 मा "**एकता र सामाजिक एकताको सुदृढीकरण**" विषयमा मन्त्रीस्तरीय मञ्चमा देशको बयान प्रस्तुत गर्नुहुनेछ।

Mansukh Mandavia:

जागिर खोज्ने युवाहरूका लागि रोजगारी सृजना बढाउने र अवसर विस्तार गर्ने महत्त्वपूर्ण कदमका रूपमा, श्रम तथा रोजगार मन्त्रालयले आज नयाँ दिल्लीमा एक अग्रणी रोजगार पोर्टल, फाउन्डइटसँग

फाउन्डइटसँग सम्झौतापत्रमा हस्ताक्षर गऱ्यो। केन्द्रीय श्रम तथा रोजगार युवा मामिला एवं खेलकुद मन्त्री डा. मनसुख मण्डावियाको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको छ। डा. मण्डावियाले भारत र विदेशमा रोजगार खोज्नेहरू र रोजगारीका अवसरहरूबीचको खाडललाई कम गर्न NCS पोर्टलको परिवर्तनकारी भूमिकालाई प्रकाश पार्नुभयो।

Mahakumbh-Railway

चलिरहेको महाकुम्भ २०२५ को समयमा भक्तहरू भित्र पस्ने र सहज रूपमा फर्किन सुनिश्चित गर्नका लागि भारतीय रेलवेले युद्धस्तरमा काम गरिरहेको छ। प्रयागराज जंक्शन सहित प्रयागराज क्षेत्रका सबै आठ स्टेशन पूर्ण रूपमा सक्रिय छन्। तीर्थयात्रीहरूको निरन्तर भीडलाई सहज बनाउन रेलवेले हिजो 330 र आज दिउँसो 3 बजेसम्म 201 वटा रेलहरू सञ्चालन गऱ्यो। केन्द्रीय रेल मन्त्री र रेलवे बोर्डका अध्यक्षले 12 जनवरी, 2025 मा माघी पूर्णिमाको अर्को अमृत स्नानअघि चलिरहेको भीडको स्थिति र रेलवेको तयारीको समीक्षा गर्नुभयो।

Cricket

क्रिकेटमा हिजो कटकमा सम्पन्न तीन खेलको एकदिवसीय श्रृङ्खलाको दोस्रो खेलमा भारतले इंग्ल्याण्डलाई ४ विकेटले पराजित गरेको छ। यस जितसँगै आयोजक टोलीले श्रृङ्खलामा २-० को अग्रता लिएको छ। घरेलु मैदानमा इङ्ल्यान्डविरुद्धको एकदिवसीय शृंखलामा भारतको यो लगातार सातौँ जित हो। इंग्ल्याण्डले दिएको ३०५ रनको लक्ष्य पछ्याएको भारतले ४४ ओभरमा तीन बलमा ६ विकेट गुमाएर ३०८ रन बनायो।

**प्रमुख समाचार पुन: एकपटक**

- प्रधानमन्त्रीले **परीक्ष पे चर्चा**-मा विद्यार्थीहरूसँग गर्नुभयो अन्तरक्रिया
- प्रधानमन्त्री फ्रान्स र अमेरिकाका भ्रमणका लागि आज प्रस्थान
- कांग्रेस नेतृ सोनिया गान्धीले राज्यसभमा खाद्य सुरक्षा ऐनलाई प्रभावकारी ढङ्गमा कार्यान्यवन गर्नुपर्ने मुद्दा उठाउनुभयो
- स्वास्थ्य तथा परिवार कल्याण मन्त्रीले गर्नुभयो सुरुवात **लिम्फेटिक फाइलेरियसिस** उन्मूलनकको अभियान
- एक दिवसीय श्रृङ्खलामा इंग्ल्याण्ड भारतद्वारा ४ विकेटले पराजित